आज मिति २०८२ पौष ०७ गते बिहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि वहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष वहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम वहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ३. इन्जिनियर | श्री प्रकाश सिलवाल |
| ४. स्वास्थ्य अधिकृत | श्री रमेशराज अर्याल |
| ५. स. क.अधिकृत | श्री सुमन अधिकारी |
| ४. लेखापाल | श्री डिल्लीराम शर्मा |

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

बेनीघाट रोराङ गाउँपालिकाको परिमार्जित संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस गाउँपालिकाका देहायका जग्गाहरु भू बर्गिकरणमा छुट भएको भनी वर्गिकरणको लागि पेश हुन आएकोले देहायका जग्गा देहायका बर्गमा पर्ने निर्णय गरियो ।

| सिनं. | जग्गाधनिको नाम | सिट नं. | कि .नं. | क्षेत्रफल | वर्गिकरण क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री तुलाराम सार्की | बेनीघाट ५/द | ९४ | ७-१४-३-१ | कृषि क्षेत्र | |
| २ | | बेनीघाट ५/द | १३ | १-१०-१-३ | कृषि क्षेत्र | |
| ३ | | बेनीघाट ५/छ | ३ | ४-१३-०-१ | आवासिय क्षेत्र | |
| ४ | छन्द प्रसाद पोखरेल | जोगिमारा ६/ख | ३५२ | ०-०-३-० | आवासिय क्षेत्र | |
| ५ | | जोगिमारा ट/ख | ३५५ | ०-०-३-१ | आवासिय क्षेत्र | |

निर्णय नं. ४

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०८२ स्वीकृत गरी गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रदेश सरकार बागमती प्रदेश संगको सहकार्यमा सञ्चालन हुने चेपाङ समुदायको आय आर्जन तथा जिविकोपार्जन कार्यक्रम बेनीघाट रोराङ गाउँपालिका वडा नं. ३ माथिल्लो ओर्वाङ र वडा नं. १० ताकथलीमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

गाउँपालिकाका आर्थिक अवस्था निकै कमजोर रहेका देहायका ब्यक्तिहरुको उपचारको लागि निम्नानुसार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१. बेनीघाट रोराङ ३ निवासी श्री सुनिता घले रु ५०,०००।-

२. बेनीघाट रोराङ १० निवासी श्रीमति दुर्गा लामिछाने रु २५,०००।-

निर्णय नं. ७

गाउँपालिकाको १७ औ गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रममा संशोधनको लागि विभिन्न वडा समितिहरुबाट सिफारिस भइ आएकोले वडा कार्यालयको सिफारिस समेतको आधारमा देहायका आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम संशोधनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।